व्यवसाय संवर्द्धन केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ (मस्यौदा)

प्रस्तावनाः मुलुकमा बढ्दो बेरोजगारी, वैदेशिक रोजगारप्रतिको निर्भरता, सीप र उद्यमबीचको अन्तर तथा स्थानीय स्रोत र सम्भावनाको न्यून उपयोगजस्ता समस्याहरुलाई सम्बोधन गर्न उद्यमशीलता विकास, नवप्रवर्तन प्रवर्द्धन, रोजगार एवम् स्वरोजगार सिर्जना, स्थानीय स्रोत तथा सीपको उपयोग, स्थानीय उत्पादन तथा सेवाको व्यावसायीकरण गर्न युवा, महिला, दलित, विपन्न, सिमान्तीकृत एवम् पिछडिएका समुदायलाई उद्यम विकासतर्फ आकर्षित गर्न,

स्थानीय आवश्यकता, उद्यममैत्री वातावरण निर्माण तथा दिगो आर्थिक विकासको अवधारणालाई आत्मसात गर्दै नवउद्यमी तथा स्टार्टअपहरूलाई आवश्यक परामर्श, तालिम, प्रविधि, कार्यस्थल, वित्तीय पहुँच तथा बजार व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले शैक्षिक संस्था, निजी क्षेत्र, दातृ निकाय, विकास साझेदार संस्था एवम् संघसंस्थाको साझेदारी तथा सहकार्यमा व्यवसाय संवर्द्धन सेवा स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ञ) (९) ले दिएको अधिकार प्रयोग गरी ..... नगरपालिकाले व्यवसाय संवर्द्धन केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ तर्जुमा गरेको छ ।

परिच्छेद—१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "व्यवसाय संवर्द्धन केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले ..... नगरपालिकालाई सम्झनुपर्दछ ।

(ख) "प्रमुख" भन्नाले ..... नगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ ।

(ग) "उप प्रमुख" भन्नाले ..... नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ..... नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

Sandeep Shah

(ङ) "केन्द्र" भन्नाले ..... नगरपालिकाले व्यवसाय संवर्द्धन सेवा सञ्चालनका लागि स्थापना गरेको व्यवसाय संवर्द्धन केन्द्र (बिजनेस ईन्कुबेसन सेन्टर) लाई सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्दछ ।

(छ) "व्यवसाय" भन्नाले ज्ञान, सीप, पूँजी, प्रविधि र साधनको प्रयोग गरी वस्तु वा सेवाको उत्पादन तथा बिक्री वितरण गर्ने कार्य सम्झनुपर्छ ।

(ज) "उद्यम" भन्नाले कृषि, वन, पर्यटन, हस्तकला, उत्पादन, सेवा, प्रविधि तथा डिजिटल सेवा, नवप्रवर्तन वा अन्य व्यवसायिक गतिविधिलाई जनाउँछ ।

(झ) "नवउद्यम" भन्नाले सुरुवाती चरणमा रहेको वस्तु वा सेवा उत्पादन प्रक्रियाको विकास, सञ्चालन र वितरण वा विधिमा नवीन अन्वेषण एवम् सिर्जनशील सोचको प्रयोग गरी स्तरोन्नतिको सम्भावना रहेको नवप्रवर्तनमुखी उद्यम व्यवसायलाई नवउद्यम (स्टार्टअप) सम्झनुपर्दछ ।

(ञ) "गतिप्रदायक (एक्सिलेरेटर)" भन्नाले व्यवसाय सञ्चालन गरिरहेका उद्यमीमध्येबाट तीव्र वृद्धिको सम्भावना भएका उद्यमीलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराई गतिशील बनाउने कार्य सम्झनुपर्छ ।

(ट) "पिच" भन्नाले कुनै सोच, विचार, परियोजना वा उत्पादनलाई स्वीकार गर्न विज्ञ, लगानीकर्ता, ग्राहक, वा सरोकारवालालाई लगानीको लागि बिश्वस्त गराउने उद्देश्यले गरिएको प्रस्तुति वा प्रस्ताव सम्झनुपर्छ ।

(ठ) "डिजिटल हाटबजार वा स्थानीय ई-हाटबजार" भन्नाले स्थानीय उद्यमी, किसान, उद्योगी तथा व्यवसायीहरूले उत्पादन गरेका वस्तु तथा सेवाहरूको प्रवर्द्धन, प्रदर्शन, खरीद-बिक्री, बजारीकरण र भुक्तानीका लागि केन्द्र वा नगरपालिकाद्वारा सञ्चालन तथा व्यवस्थापन गरिने विद्युतीय/अनलाइन प्रणाली (वेबसाइट, मोबाइल एप, डिजिटल प्लेटफर्म वा ई-कमर्स प्लेटफर्म) सम्झनुपर्छ ।

(ड) "प्रशिक्षक (मेन्टर)" भन्नाले व्यवसाय विकास, वित्त, कानुन, प्रविधि वा बजार व्यवस्थापन सम्बन्धित विषयको विज्ञ वा उद्यमी सम्झनुपर्छ र सो शब्दले व्यवसाय संवर्द्धन कार्यक्रमका प्रशिक्षार्थी एवं उद्यमीलाई प्रशिक्षित गर्ने वा परामर्श दिने विषयविज्ञलाई समेत जनाउँछ ।

(ढ) "प्रशिक्षार्थी उद्यमी" भन्नाले केन्द्रमा आबद्ध भई केन्द्रबाट व्यवसाय विकास सेवा प्राप्त गर्न छनोट भएका उद्यमी, उद्यमी समूह वा संस्थालाई सम्झनुपर्छ ।

Sandeep Shah

(ण) "सेवा" भन्नाले केन्द्रबाट प्रत्यक्ष वा साझेदार/सम्बन्धित सेवा प्रदायकमार्फत उद्यमी, व्यवसायी तथा सम्भावित उद्यमीलाई प्रदान गरिने उद्यमशीलता विकास, व्यवसाय विकास, सीप, परामर्श, प्रविधि, वित्तीय पहुँच, बजार पहुँच, डिजिटल सेवा, कानुनी सहजीकरण, नवप्रवर्तन, अनुसन्धान तथा व्यवसाय स्तरोन्नतिसम्बन्धी सेवा सम्झनुपर्छ।

(त) "साझेदार संस्था" भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकाको सहकार्य तथा साझेदारी गर्ने सरकारी, शैक्षिक तथा प्राज्ञिक संस्था (विश्वविद्यालय/कलेज), निजी क्षेत्रका संघसंस्था सम्झनुपर्छ ।

(थ) "केन्द्र प्रमुख" भन्नाले दफा १५ (१) बमोजिम तोकिएको व्यवसाय संवर्द्धन केन्द्रको प्रमुखलाई सम्झनुपर्दछ ।

(द) "कोष" भन्नाले दफा १६ बमोजिमको व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनुपर्दछ।

(ध) "लक्षित वर्ग" भन्नाले सिर्जनशील, उद्यम व्यवसाय गर्ने उत्प्रेरणा र नवीन सोचका साथ उद्यम व्यवसाय शुरु गर्न तथा स्थानीय रैथाने उत्पादनहरुको व्यवसायीकरण र ब्रान्डिङ्ग गर्न इच्छुक व्यक्ति वा भइरहेको उद्यम व्यवसायलाई थप परिष्कृत, प्रतिस्पर्धी र उन्नत बनाएर स्तरवृद्धि गर्न चाहने उद्यमी व्यवसायी, वैदेशिक रोजगारीबाट फर्किएका र स्वदेशमा नै स्वरोजगार हुन चाहने युवा, महिला, जोखिममा रहेका समुदाय, सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदाय वा त्यस्तो समुदायका लाभग्राही समेतलाई सम्झनु पर्दछ ।

(न) "निजी क्षेत्र" भन्नाले नाफा कमाउने उद्देश्यले जोखिम बहन गरेर भौतिक, आर्थिक तथा बौद्धिक लगानी गरी उद्यम व्यवसाय सञ्चालन गर्ने प्राकृतिक तथा कानुनी व्यक्ति वा समूहलाई सम्झनुपर्दछ ।

(प) "सीप विकास" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक, वित्तीय व्यवस्थापन, परियोजना विकास जस्ता क्षेत्रमा विषय विज्ञ मार्फत प्रदान गरिने सीपमूलक तालिम दिने तथा व्यवहारिक अभ्यास गराउने कार्यलाई सम्झनुपर्दछ ।

(फ) "उद्योग वाणिज्य संघ" भन्नाले नगरपालिकामा अवस्थित उत्पादन प्रशोधन, व्यापार, कृषि, बैंक तथा वित्तीय संस्था, पर्यटन क्षेत्रसँग संवन्धित उद्यमी व्यवसायीहरुका संगठित संस्था वा त्यस्ता संस्थाका शाखालाई सम्झनुपर्दछ ।

(ब) "प्रविधि हस्तान्तरण" भन्नाले व्यवसाय (कृषि फार्म समेत) सञ्चालन, विस्तार, स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने मेसिन उपकरण, कम्यूटर प्रणाली,

Sandeep Shah

सफ्टवेयर आफैंले उपलब्ध गराउने वा प्रविधिहरू खरिद गर्नका लागि लागत साझेदारीमा सहयोग गर्न वा त्यस्ता प्रविधि सञ्चालन र उपयोग गर्न आवश्यक पर्ने विशेष प्रकारको सिप, ज्ञान र दक्षता सिकाउने कार्यलाई सम्झनु पर्दछ ।

(भ) "विषय विज्ञ" भन्नाले केन्द्रले प्रदान गर्ने सेवासँग संवन्धित क्षेत्रका प्राविधिक, व्यवस्थापकीय तथा वित्तीय विषयमा आवश्यक योग्यता र दक्षता हासिल गरी केन्द्रमा सूचीकृत विज्ञ वा विषय विज्ञहरुको समुह वा संस्थालाई सम्झनु पर्दछ।

(म) "रोजगार सम्वाद मञ्च" भन्नाले व्यवसाय गर्ने वातावरण निर्माण तथा सुधारका लागि गर्नुपर्ने नीतिगत तथा प्रकृयागत सुधार, सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने आयोजना र नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका दृष्टिले सार्वजनिक महत्वका विषयमा पहिले नै तय भएका विषयवस्तुमा छलफल गर्ने गरी सार्वजनिक क्षेत्र, निजी क्षेत्र (विशेष गरि स्थानीय वा जिल्ला उद्योग वाणिज्य सङ्घ लगायतका निजी क्षेत्रका उद्यमी व्यवसायीका सङ्घसंस्थाहरू) र विषयविज्ञ (विशेषज्ञ परामर्शदाता वा वौद्धिक पेशाकर्मी) हरुका विचमा "सार्वजनिक निजी संवाद मन्च" समेतका माध्यमबाट आयोजना हुने बैठक, कार्यशाला वा गोष्ठीलाई सम्झनु पर्छ ।

(य) "कार्यक्रम" भन्नाले "व्यवसाय संवर्द्धन केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" बमोजिम लक्षित वर्गका लागि सञ्चालन गरिने कार्यक्रमहरु सम्झनुपर्दछ ।

(र) "विकास साझेदार" भन्नाले कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने दातृ निकाय र संघसंस्थाहरूलाई सम्झनु पर्दछ ।

(ल) "स्थानीय भाषा" भन्नाले नगरपालिका क्षेत्रभित्र बहुसङ्ख्यक नागरिकले प्रयोग गर्ने बज्जिका, भोजपुरी, हिन्दी, मैथिली वा अन्य मातृभाषालाई सम्झनुपर्छ।"

परिच्छेद — २

केन्द्रको स्थापना, उद्देश्य र सेवा

३. **केन्द्रको स्थापनाः** (१) नगरपालिका, शैक्षिक तथा प्राज्ञिक संस्था, दातृ निकाय, विकास साझेदार संस्था वा गैरसरकारी संघसंस्थाको साझेदारीमा केन्द्रको स्थापना गर्न सकिनेछ ।

तर नगरपालिकाले एकल रुपमा स्थापना गर्न बाधा पर्ने छैन् ।

(२) केन्द्रको सेवा प्रवाह गर्दा स्थानीय आर्थिक सम्भावना, श्रम बजारको अवस्था, उद्यम तथा व्यवसायको आवश्यकता, उपलब्ध स्रोत तथा बजार मागलाई आधार बनाइनेछ ।

Sandeep Shah

(३) उपदफा (१) बमोजिमको केन्द्र स्थापना गर्दा देहायको न्यूनतम् आधारभूत पूर्वाधार भएको केन्द्र स्थापना गर्नु पर्नेछ ।

(क) कार्य सञ्चालनका लागि आवश्यक सामग्री तथा फर्निचरसहितको कार्यालय स्थल, सहयोग कक्ष, तालिम कक्ष र बैठक कक्ष,

(ख) केन्द्र प्रमुख एवम् मेन्टर, विद्युतीय उपकरणहरू (कम्प्युटर, कलर प्रिन्टर, फोटोकपी, स्क्यानर, प्रोजेक्टर),

(ग) द्रुतगतिको इन्टरनेटको सुविधा,

(घ) केन्द्रले प्रवाह गर्ने सेवाको प्रकृतिको आधारमा आवश्यक पर्ने अन्य उपकरणहरू ।

(४) नगरपालिकाले देहाय बमोजिमका सेवाहरु उपलब्ध गराउन सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(क) नवीन तथा सिर्जनशील सोच भएकालाई नयाँ वस्तु वा सेवाको विकास गर्न सहयोग गर्ने,

(ख) कोहर्ट सञ्चालन, उद्यमशीलता तालिम, कोचिङ, मेन्टरिङ, परामर्श सेवा र अवलोकन भ्रमणमा सहयोग गर्ने,

(ग) व्यवसायको सञ्चालमा आबद्ध गर्न सहजीकरण गर्ने,

(घ) प्रशिक्षार्थी उद्यमीका लागि व्यावसायिक योजनाको विकास तथा व्यवसायिक योजनाको नियमित समीक्षा गर्न सहयोग गर्ने,

(ङ) व्यवसाय दर्ता, कर तथा कानुनी परामर्श र औद्योगिक सम्पत्ति दर्तासम्बन्धी सल्लाह, सुझाव तथा सहजीकरण सेवा उपलब्ध गराउने,

(च) नियमितरूपमा पिचिङ सेसन (व्यावसायिक प्रस्ताव) सञ्चालन गर्ने,

(च) ब्रान्डिङ, प्याकेजिङ तथा डिजिटल मार्केटिङ सहयोग गर्ने,

(छ) बजार पहुँच तथा प्रदर्शनी सहभागिता सहजीकरण गर्ने,

(ज) स्थानीय उत्पादनहरूलाई डिजिटल प्लेटफर्ममा सूचीकृत गरी बजार पहुँच अभिवृद्धि गर्ने, अनलाइन बिक्री तथा भुक्तानी प्रणालीसँग जोड्ने,

(झ) लगानीकर्ता, बैंक तथा वित्तीय संस्थासँग समन्वय गर्ने,

(ञ) अनुसन्धान, परीक्षण तथा प्रोटोटाइप विकास सहयोग

(ट) सूचना प्रविधि तथा नवप्रवर्तन प्रयोगशाला

Sandeep Shah

(ठ) महिला तथा युवामैत्री उद्यम सहायता सेवा

(ड) नेटवर्किङ तथा अन्तरक्रिया कार्यक्रम

(ढ) साझा कार्यस्थल (Co-working Space)

(५) केन्द्रबाट प्रवाह गरिने परामर्श, अभिमुखीकरण तथा सूचनाहरू सर्वसाधारणको सहज पहुँचका लागि नेपाली भाषाका साथै स्थानीय भाषामा समेत रूपान्तरण गरी उपलब्ध गराउनु पर्नेछ।

४. **उद्देश्यः** (१) केन्द्रको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) नवउद्यमी तथा स्टार्टअपहरूलाई व्यवसाय स्थापनामा सहयोग गर्ने,

(ख) उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जनालाई प्रवर्द्धन गर्ने,

(ग) स्थानीय स्रोत र उत्पादनमा आधारित उद्यम विकास गर्ने,

(घ) स्थानीय स्रोत, सीप र उत्पादनको व्यावसायीकरण गर्ने,

(ङ) रोजगारी/स्वरोजगारी सिर्जना तथा स्थानीय आर्थिक विकासमा योगदान पुऱ्याउने,

(च) लगानी, वित्तीय तथा बजार पहुँच अभिवृद्धि गर्ने,

(छ) स्थानीय रैथाने तथा कृषि उत्पादनहरूलाई डिजिटल हाटबजारमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पहुँच पुऱ्याउने,

(ज) युवा, महिला, विपन्न तथा पिछडिएका वर्गलाई उद्यम व्यवसायमा आकर्षित एवम् स्वरोजगार हुने तर्फ प्रेरित गर्ने,

(झ) स्टार्टअप, साना उद्यमहरुलाई आवश्यक पूँजी, प्रविधि, पूर्वाधारमा पहुँच कायम गर्ने,

(ञ) प्रविधिमैत्री तथा दिगो उद्यम विकास गर्ने,

(ट) स्थानीय श्रम बजार तथा उद्यम अवसरको विश्लेषणका आधारमा सम्भावित उद्यम तथा रोजगारीका अवसर पहिचान गरी उद्यमी तथा व्यवसायीलाई त्यस्ता अवसरसँग जोड्ने।

(ठ) उद्यमीहरूलाई सीप, तालिम, परामर्श, व्यवसाय प्रवर्द्धन सेवा तथा सहजीकरण उपलब्ध गराउने ।

५. **प्राथमिकता क्षेत्रः** (१) केन्द्रले प्रत्येक आर्थिक वर्ष स्थानीय उद्यम अवसर नक्सा, श्रम बजार सूचना, बजार माग, उपलब्ध स्रोत तथा बजेटका आधारमा उद्यम क्षेत्रको प्राथमिकता निर्धारण गर्न सक्नेछ।

Sandeep Shah

(२) केन्द्रले देहायका क्षेत्रमा कार्य गर्न सक्नेछ ।

(क) कृषि तथा वनमा आधारित उद्यम,

(ख) पर्यटन तथा सांस्कृतिक उद्यम,

(ग) सूचना प्रविधि तथा डिजिटल सेवामा आधारित उद्यम,

(घ) हस्तकला तथा घरेलु उद्योग,

(ङ) हरित तथा नवीकरणीय ऊर्जामा आधारित उद्यम,

(च) शिक्षा, स्वास्थ्य तथा सामाजिक उद्यम,

(छ) महिला तथा युवामैत्री उद्यम व्यवसाय,

(ज) नवप्रवर्तनमा आधारित अन्य उद्यम ।

(३) केन्द्रले सेवाग्राहीको आवश्यकता, व्यवसायको अवस्था तथा उद्यम विकासको चरणका आधारमा उपयुक्त सेवा प्याकेज निर्धारण गरी सेवा प्रवाह गर्नेछ।

परिच्छेद — ३

समिति गठन, सञ्चालन तथा काम कर्तव्य र अधिकार

६. **समिति गठनः** (१) केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति रहनेछ ।

(क)	प्रमुख	— संयोजक
(ख)	प्रमुख प्रशासकीय अधिकृत	— सदस्य
(ग)	आर्थिक विकास शाखा प्रमुख	— सदस्य
(घ)	उद्योग वाणिज्य संघको प्रतिनिधि	— सदस्य
(ङ)	शैक्षिक वा प्राज्ञिक संस्थाको प्रतिनिधि	— सदस्य
(च)	स्थानीय तालिम केन्द्रको प्रतिनिधि	— सदस्य
(छ)	बैंक वा वित्तीय संस्थाको प्रतिनिधि	— सदस्य
(ज)	उद्यमी समूह वा संस्थाको प्रतिनिधि	— सदस्य
(झ)	केन्द्र प्रमुख	— सदस्य सचिव

(२) समितिको वैठकमा आवश्यकतानुसार सम्वन्धित क्षेत्रका प्रतिनिधि वा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

Sandeep Shah

(३) समितिको बैठक कम्ती तीन महिनामा एक पटक बस्नु पर्नेछ ।

(४) समितिको सचिवालय केन्द्रमा रहनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिले नीति, योजना, प्राथमिकता, साझेदारी, मूल्याङ्कन तथा अनुगमनसम्बन्धी कार्य गर्नेछ र केन्द्रको दैनिक सेवा सञ्चालन केन्द्र प्रमुख तथा तोकिएका कर्मचारी/प्राविधिक जनशक्तिले गर्नेछन् ।

(७) समितिको नियमित सञ्चालन, दैनिक सहजीकरण तथा प्रशिक्षार्थी छनौट कार्यलाई छिटो छरितो बनाउन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ३ सदस्यीय कार्यकारी समिति गठन गर्न सकिनेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) व्यवसाय संवर्द्धन सेवाको सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने,

(ख) सेवाको सञ्चालन तथा व्यवस्थापनका लागि स्रोत परिचालनको क्षेत्र पहिचान एवम् सिफारिस गर्ने,

(ग) सरकारी निकाय, प्राज्ञिक संस्था, निजी क्षेत्रर सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(घ) प्रशिक्षार्थी उद्यमीको व्यवसाय सुरुवात गर्न, गतिप्रदायकलाई गतिशील बनाउन र नवउद्यमलाई स्तरोन्नति गर्नको लागि आर्थिक स्रोत परिचालनका लागि आवश्यक सहयोग र समन्वय गर्ने,

(ङ) साझेदार संस्था र प्रशिक्षार्थी उद्यमीको छनोट गर्ने,

(च) छनोट साझेदारीमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सहजीकरण गर्ने,

(छ) प्रशिक्षार्थी उद्यमीले सेवा लिएवापत तिर्नुपर्ने न्यूनतम शुल्क सिफारिस गर्ने,

(ज) सञ्चालित सेवा र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(झ) व्यावसायिक वातावरण सुधार, उद्यमशीलता विकास, व्यवसाय प्रवर्द्धन र स्थानीय उत्पादनहरुको मूल्य श्रृङ्खला सबलीकरण सम्वन्धी स्थानीय रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

Sandeep Shah

(ञ) नवप्रवर्तन, उद्यमशिलता विकास र प्रविधि हस्तान्तरणका लागी निजी क्षेत्र, विकास साझेदार, उद्योग वाणिज्य संघ लगायतका अन्य सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ट) केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रमका लागि नियमानुसार प्रदान गरिने शुरुवाती पूँजी, प्रविधि र उपकरण अनुदानका लागि व्यवसाय प्रवर्द्धन कोषको स्थापना र सञ्चालन गर्ने,

(ठ) प्रशिक्षक, परामर्शदाता वा विषय विज्ञको छनौट तथा प्रदान गरिने सेवा सुविधा र पारिश्रमिक निर्धारण गर्ने,

(ड) सामूहिक कार्यस्थलको व्यवस्था, त्यहाँ उपलब्ध गराउने सेवा सुविधा र सेवाग्राहीबाट लिईने शुल्क निर्धारण गर्ने,

(ढ) हरित, समावेशी र उत्थानशील स्थानीय आर्थिक विकास र व्यवसाय प्रवर्द्धन सम्वन्धी आवश्यक अन्य कार्य गर्ने ।

(ण) मागमा आधारित सीप विकास कार्यक्रमहरु सञ्चालन गर्ने,

(त) नीति, योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(थ) उद्यमी प्रशिक्षार्थी (इन्क्युबिटी) छनोट मापदण्ड निर्धारण गर्ने,

(द) साझेदारी तथा सहकार्य विस्तार गर्ने,

(ध) अनुगमन तथा मूल्याङ्कन गर्ने,

(न) सेवा र कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अन्य आवश्यक कार्यहरू गर्ने।

८. **साझेदार संस्थाको काम र कर्तव्यः** (१) साझेदार संस्थाको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) प्रशिक्षार्थी उद्यमी छनोट गरी उद्यमशीलता तथा सीप विकास कार्यक्रम सञ्चालन गर्ने,

(ख) प्रशिक्षकको लागि प्रशिक्षण (मेन्टरसीप विकास) सञ्चालन गर्ने,

(ग) कार्यक्रममा सहभागीलाई आवश्यकतानुसार परामर्श र सहयोग उपलब्ध गराउने,

(घ) वित्त तथा बजार पहुँचमा सहजीकरण गर्ने,

(ङ) अनुसन्धान तथा विकासको कार्य गर्ने,

(च) उद्यमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

Sandeep Shah

(छ) सरकारी, निजी, तथा प्राज्ञिक संस्थासँग सहकार्य र समन्वय गर्ने ।

परिच्छेद — ४

कार्य सञ्चालन तथा सेवा प्रवाह प्रक्रिया

९. **स्थानीय आर्थिक तथा उद्यम अवसर पहिचान गर्ने:** (१) केन्द्रले नगरपालिका क्षेत्रभित्र उपलब्ध स्रोत साधन, स्थानीय सीप, श्रमशक्ति, प्रविधि, बजारको माग, लगानीको अवस्था, उत्पादन तथा रोजगारी सिर्जनाको सम्भावनाका आधारमा उद्यम तथा व्यवसायका सम्भावित क्षेत्रहरूको पहिचान गरी स्थानीय उद्यम अवसर नक्सा (Local Enterprise Opportunity Map) तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान गरिएका उद्यम व्यवसायका सम्भावित क्षेत्रलाई उच्च र मध्यम प्राथमिकताका क्षेत्रमा वर्गीकरण गरी वार्षिक कार्यक्रम तथा बजेट निर्माणमा आधार बनाइनेछ।

(३) स्थानीय आवश्यकता तथा सम्भावनाका आधारमा कृषि तथा कृषि प्रशोधन, स्थानीय उत्पादन, पर्यटन, सेवा, सूचना तथा प्रविधि, हरित तथा वातावरणमैत्री व्यवसाय, सीपमा आधारित व्यवसाय, महिला तथा युवा उद्यमशीलता, वैदेशिक रोजगारबाट फर्केका श्रमिकको ज्ञान, सीप तथा अनुभवमा आधारित उद्यमलगायतका क्षेत्रलाई स्थानीय सम्भावना तथा बजार मागका आधारमा प्राथमिकता दिनु पर्नेछ ।

(४) स्थानीय उद्यम अवसर नक्सालाई कम्तीमा प्रत्येक दुई वर्षमा एक पटक पुनरावलोकन गरिनेछ।

१०. **डिजिटल सेवा प्रवाहः** (१) केन्द्रले भौतिक रूपमा उपस्थित हुन नसक्ने उद्यमीहरूका लागि अनलाइन माध्यमबाट देहाय बमोजिमको संवर्द्धन सेवा समेत सञ्चालन गर्न सक्नेछ ।

(क) भर्चुअल मेन्टरिङ
(ख) अनलाइन तालिम तथा अभिमुखीकरण
(ग) डिजिटल व्यवसाय परामर्श
(घ) ई-कमर्स तथा डिजिटल मार्केटिङ सहायता
(ङ) डिजिटल हाटबजार वा स्थानीय ई- हाटबजार सञ्चालन र व्यवस्थापन
(च) अनलाइन पिचिङ तथा नेटवर्किङ कार्यक्रम
(छ) उद्यमीको डिजिटल प्रोफाईल तयार

(२) केन्द्रले आवश्यकता अनुसार देहायका सेवा समेत अनलाईन वा भर्चुअल मार्फत उपलब्ध गराउन सक्नेछ ।

(क) व्यवसाय परामर्श सेवा

Sandeep Shah

(ख) कानुनी तथा दर्ता सहजीकरण

(ग) वित्तीय पहुँच तथा लगानी सहजीकरण

(घ) बजार व्यवस्थापन तथा ब्रान्डिङ सहयोग

(ङ) अनुसन्धान तथा नवप्रवर्तन सहयोग

११. **डिजिटल हाटबजार वा स्थानीय ई-हटाबजारः** (१) केन्द्रले स्थानीय उद्यमी, किसान, उद्योगी तथा व्यवसायीहरूका उत्पादनलाई निःशुल्क वा तोकिएको न्यूनतम शुल्कमा डिजिटल हाटबजार वा स्थानीय ई-हाटबजार प्रणालीमा सूचीकृत गर्ने व्यवस्था मिलाउनेछ।

(२) डिजिटल हाटबजारमा सूचीकृत वस्तु तथा सेवाहरूको गुणस्तर, मूल्य र आपूर्ति व्यवस्थाको नियमित अनुगमन केन्द्रले गर्नेछ ।

(३) अनलाइन भुक्तानी (डिजिटल पेमेन्ट), प्याकेजिङ, र डेलिभरी/लजिस्टिक सेवा प्रदायकहरूसँग सहकार्य गरी एकद्वार प्रणालीमार्फत बिक्री वितरणमा सहजीकरण गर्नेछ ।

(घ) डिजिटल हाटबजार सञ्चालन, प्रवर्द्धन र प्राविधिक सहयोगका लागि निजी क्षेत्र वा ई-कमर्स साझेदारहरूसँग साझेदारी गर्न सकिनेछ ।

१२. **नियमित सेवा प्रवाहः** (१) दफा ५ को उपदफा (१) र (२) अन्तर्गतका सेवाहरु केन्द्रले सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन नियमित रुपमा प्रवाह गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सेवाहरु प्रदान गर्नका लागि आवश्यक ऐन कानुन, सूचना, विज्ञापन जस्ता विषयका जानकारी हासिल गर्ने जिम्मेवारी केन्द्रका कर्मचारीको हुनेछ ।

(३) उपदफा (२) अनुसार संकलित सूचना र जानकारीहरु लक्षित वर्ग समक्ष पुर्याई व्यवसाय प्रवर्द्धन र उद्यमशीलता विकासमा टेवा पु¥याउन केन्द्रले आप्mनो वेबसाइटका साथै छापा तथा विद्युतीय सञ्चार माध्यम मार्फत प्रचारप्रसार गर्नेछ ।

(४) दफा ५ को उपदफा (२) अन्र्तत प्रदान गर्ने सेवा र सहजीकरणका सन्दर्भमा पहिलो पटक अन्य निकायहरुबाट उपलब्ध सेवा, सुविधा र सहुलियतपूर्ण योजना तथा कार्यक्रमका बारेमा विज्ञ परामर्शदाता मार्फत सर्वेक्षण गराएर कानुनी प्रावधान, शर्त, आवश्यक कागजात, फारम तथा व्यावसायिक (परियोजना) प्रस्तावहरुको ढाँचा संकलन वा तयार गर्न सक्नेछ ।

(५) उपदफा (४) अनुसार संकलन वा तयार गरिएका ऐन नियम, सूचना, कागजात तथा विभिन्न ढाँचाहरु समय समयमा अद्यावधिक गरी पुरानालाई हटाउने र नयाँलाई थप गर्दै लैजानु पर्नेछ।

१३. **रेफरल सेवा प्रवाहः** (१) केन्द्रले आफैं उपलब्ध गराउन नसक्ने सेवा सम्बन्धित अन्य शाखा, सरकारी वा गैर सरकारी निकायबाट उपलब्ध गराउन आवश्यक सहजीकरण गर्न रेफरल प्रणालीको विकास गरी रेफरल गर्नु पर्नेछ ।

Sandeep Shah

(२) रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमध्ये उद्यमशीलता तथा स्वरोजगारका लागि उपयुक्त व्यक्तिहरुलाई सम्बन्धित सेवाका लागि केन्द्रमा रेफरल गर्न सकिनेछ।

(३) उद्यम सञ्चालन गर्न चाहने व्यक्तिलाई व्यवसाय विकास, वित्त, बजार, प्रविधि तथा अन्य आवश्यक सेवामा रेफरल गरिनेछ।

(४) सीप आवश्यक पर्ने उद्यमीलाई सम्बन्धित सीप विकास प्रदायक संस्थामा, वित्तीय सहयोग आवश्यक पर्ने उद्यमीलाई बैंक तथा वित्तीय संस्थामा र बजार आवश्यक पर्ने उद्यमीलाई सम्बन्धित बजार तथा व्यवसाय सञ्चालमा रेफरल गर्न सकिनेछ।

(५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको सीप, अनुभव तथा पूँजीलाई उद्यममा रूपान्तरण गर्न सम्बन्धित पुनःएकीकरण तथा रोजगार सेवासँग समन्वय गरिनेछ।

१४. **एकद्वार उद्यम व्यवसाय सहजीकरण सेवा प्रवाहः** (१) केन्द्रले उद्यमी तथा व्यवसायीलाई उद्यम व्यवसाय स्थापना, दर्ता, नवीकरण, कर, कानुनी परामर्श, व्यवसाय योजना, वित्तीय पहुँच, सीप, प्रविधि, बजार, उत्पादन, ब्राण्डिङ, डिजिटल प्रवर्द्धन तथा अन्य सम्बन्धित सेवाका लागि आवश्यक सहजीकरण एकद्वार प्रणालीबाट उपलब्ध गराईनेछ ।

(२) केन्द्रबाट प्रत्यक्ष रुपमा सेवा उपलब्ध गराउन नसकिने सेवा सम्बन्धित शाखा, सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, शैक्षिक संस्था, तालिम प्रदायक संस्था वा अन्य सम्बन्धित सेवा प्रदायकमा रेफरल गरी सेवा प्राप्त गर्न सहजीकरण तथा सिफारिस गर्न सकिनेछ।

(३) केन्द्रले उपलब्ध सेवाको प्रक्रिया, आवश्यक कागजात, लाग्ने समय तथा सम्बन्धित सेवा प्रदायकको विवरण सार्वजनिक गर्नेछ।

१५. **मागमा आधारित विशेषज्ञ सेवा प्रवाहः** (१) भइरहेका उद्यम व्यवसायको संवर्द्धन, स्तरवृद्धि र मूल्य श्रृङ्खला विस्तार गर्नका लागि समितिको निर्णय वा सार्वजनिक निजी संवादमार्फत पहिचान भएर आएका विषय वा निजी क्षेत्र र उद्योग वाणिज्य संघहरुमार्फत आएका मागमा आधारित विशेषज्ञ सेवाको हकमा केन्द्रले उद्यमी प्रशिक्षार्थीको छनोट गर्नु पर्नेछ ।

परिच्छेद — ५

प्रशिक्षार्थी उद्यमी छनोट तथा सम्झौता

१६. **प्रस्ताव आह्वान गर्नेः** (१) केन्द्रले प्रशिक्षार्थी उद्यमी छनोट गर्न प्रस्ताव आह्वान गरी कम्तीमा पन्ध्र दिनको अवधि दिई अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) केन्द्रले उपदफा (१) बमोजिम प्रकाशित सूचना नगरपालिकाको वेबसाइटमा प्रकाशित गर्नु पर्नेछ ।

Sandeep Shah

१७. **प्रस्ताव पेश गर्नुपर्नेः** (१) प्रशिक्षार्थी उद्यमीको रुपमा सेवा प्राप्त गर्न चाहने व्यक्तिले दफा ११ बमोजिम प्रकाशित सूचनाको अवधि भित्र देहायका कागजात संलग्न गरी अनुसूची-१ मबोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र

(ख) आफूले गर्न चाहेको उद्यमको नवीन एवम् सिर्जनशील सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको विस्तृत व्यावसायिक योजना)

(ङ) संस्था दर्ता भएको खण्डमा दर्ता प्रमाणपत्रको प्रतिलिपी

(ग) दफा १६ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्रत्यक्ष वा विद्युतीय माध्यमबाट पेश गर्न सकिनेछ।

१८. **प्रस्ताव मूल्याङ्कनको आधारः** (१) दफा १२ बमोजिम पेश हुन आएका प्रस्तावलाई अनुसूची २ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) मूल्याङ्कन समितिले आवश्यक ठानेमा प्रस्तावित उद्यमको सम्भव्यता अध्ययन वा स्थलगत अनुगमन गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले प्रस्तावको विषयवस्तु र प्रकृति हेरी सम्वन्धित विषयविज्ञसँग आवश्यक छलफल वा राय परामर्श लिन सक्नेछ ।

१९. **प्रस्ताव मूल्याङ्कन समितिः** (१) दफा (१२) बमोजिमको प्रस्ताव मूल्याङ्कनका लागि देहाय बमोजिमको मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -- संयोजक

(ख) संयोजकले तोकेको उद्यमशीलता तथा नवप्रवर्तनको क्षेत्रमा काम गरेको विषय विज्ञ (एक जना) --सदस्य

(ग) आर्थिक विकास शाखा प्रमुख -- सदस्य सचिव

(२) विषय विज्ञको रुपमा घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधिलाई लिन बाधा पर्ने छैन् ।

२०. **प्रशिक्षार्थी उद्यमी छनोटः** (१) दफा १२ बमोजिम प्राप्त प्रस्तावको (१) दफा ८ बमोजिमको मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव अध्ययन गरी न्यूनतम मापदण्ड पूरा गरेका प्रस्तावको प्रारम्भिक सूची तयार गर्नु पर्नेछ ।

Sandeep Shah

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सूचीमा सूचीकृत प्रस्तावलाई दफा ८ बमोजिम मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई मूल्याङ्कन समितिले प्रशिक्षार्थी उद्यमीका रुपमा छनोटका लागि समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस भएका प्रस्तावलाई समितिले स्वीकृत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छनोट भएको प्रशिक्षार्थी उद्यमीलाई केन्द्रले सात दिनको अवधि तोकी सम्पर्क गर्न आउन सूचना प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृत भएको मितिले सात दिनभित्र छनोट भएका प्रशिक्षार्थी उद्यमीसँग केन्द्रले सम्झौता गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम केन्द्र र प्रशिक्षार्थी उद्यमीबीच गरिने सम्झौतामा देहायका विषय समावेश गर्नुपर्नेछः

(क) केन्द्रमा भर्ना भई प्रशिक्षार्थी उद्यमीको रूपमा रहने अवधि बढीमा ती वर्ष हुने,

(ख) प्रशिक्षार्थी उद्यमीले केन्द्रबाट प्राप्त गर्ने सेवा सुविधाको विवरण,

(ग) प्रशिक्षार्थी उद्यमीले तिर्नु पर्ने शुल्क वा छुट सम्बन्धी विवरण,

(घ) प्रशिक्षार्थी उद्यमीले पालना गर्न पर्ने आचरणहरूको विवरण,

(ङ) सम्झौता पालना नभएको खण्डमा हुने कारबाही सम्बन्धी व्यवस्था,

(च) सम्झौतामा कार्यान्वयनमा द्विविधा वा विवाद उत्पन्न भएमा आपसी सहमतिमा समस्या समाधान गर्नुपर्ने तथा सहमति हुन नसकेको खण्डमा नगरपालिकाको निर्णय अन्तिम हुने विषय,

(छ) आवश्यक अन्य विषय ।

२१. **सम्झौता गर्नुपर्नेः** (१) दफा (१८) बमोजिम छनोट भएको प्रशिक्षार्थी उद्यमीसंग केन्द्रले सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्र र प्रशिक्षार्थी उद्यमीबीच गरिने सम्झौतामा देहायका विषय समावेश गर्नुपर्नेछः

(क) केन्द्रमा भर्ना भई प्रशिक्षार्थी उद्यमीको रूपमा रहने अवधि,

(ख) प्रशिक्षार्थी उद्यमीले केन्द्रबाट प्राप्त गर्ने सेवा सुविधाको विवरण,

(ग) प्रशिक्षार्थी उद्यमीले तिर्नुपर्ने शुल्क वा छुट सम्बन्धी विवरण,

(घ) प्रशिक्षार्थी उद्यमीले पालना गर्नुपर्ने आचरणहरूको विवरण,

Sandeep Shah

(ङ) सम्झौता पालना नभएको खण्डमा हुने कारबाही सम्बन्धी व्यवस्था,

(च) सम्झौतामा कार्यान्वयनमा द्विविधा वा विवाद उत्पन्न भएमा आपसी सहमतिमा समस्या समाधान गर्नुपर्ने तथा सहमति हुन नसकेको खण्डमा नगरपालिकाको निर्णय अन्तिम हुने विषय,

(छ) आवश्यक अन्य विषय ।

२२. **प्रशिक्षार्थी उद्यमीले पालना गर्नुपर्ने आचरणः** (१) केन्द्रबाट सेवा लिनका लागि छनोट भएका प्रशिक्षार्थी उद्यमीहरुले देहाय बमोजिमको आचरण गर्नु पर्नेछ ।

(क) प्रशिक्षार्थी उद्यमीले कार्यक्रम अवधिभर केन्द्रबाट निर्धारित समय पालना गर्ने र तोकिए बमोजिम उपस्थित हुने,

(ख) केन्द्रबाट प्राप्त हुने सेवा र सुविधालाई प्रस्तावित उद्यम व्यवसाय सफल बनाउन उपयोग गर्ने,

(ग) प्रशिक्षक, सल्लाहकार, लगानीकर्ता र अन्य नवउद्यमीहरूसँग शिष्ट व्यवहार गर्ने,

(घ) केन्द्रद्वारा उपलब्ध गराइएका सेवा र सुविधा, पूर्वाधार, प्रविधिको संरक्षण तथा अधिकतम उपयोग गर्ने,

(ङ) कार्यक्रममा सहभागी भएपश्चात मनासिव कारण बाहेक बीचमा छोड्न नहुने,

(च) व्यावसायिक प्रगति, प्रमुख उपलब्धि र व्यवस्थापनमा सामना गरिएका चुनौतीहरुबारे केन्द्रलाई नियमित प्रतिवेदन पेश गर्ने,

(छ) केन्द्रद्वारा तय गरिएका मापदण्ड तथा कार्यतालिकाको पालना गर्ने,

(ज) केन्द्रको काम कारवाही सम्बन्धमा कुनै सुझाव वा गुनासो भए समितिलाई जानकारी गराउनुपर्ने ।

परिच्छेद — ६

बजेट, जनशक्ति तथा कोष व्यवस्थापन

२३. **बजेट व्यवस्थापनः** (१) नगरपालिकाले केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट रकम विनियोजन गर्नु पर्नेछ ।

(२) केन्द्रको प्रभावकारी सञ्चालनका लागि सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी संस्था र विकास साझेदार संस्थाको स्रोत परिचालन गर्न सकिनेछ ।

Sandeep Shah

(३) केन्द्रको प्रभावकारी सञ्चालनका लागि सङ्घीय र प्रदेश सरकार, दातृ निकाय, निजी क्षेत्र, गैर सरकारी संघसंस्थाबाट अनुदान रकम वा प्राविधिक सहयोग लिन सकिनेछ ।

२४. **जनशक्ति व्यवस्थापन:** (१) केन्द्रको प्रमुखको रुपमा रोजगार संयोजकले कामकाज गर्नेछ । निजको पदपूर्ति नभएको खण्डमा उद्यमशीलता, व्यवसाय विकास वा इन्क्युबेसन क्षेत्रमा प्राविधिक दक्षता हासिल गरेको अधिकृत स्तरको कर्मचारी वा तोकिएको विशेषज्ञलाई केन्द्र प्रमुखको रूपमा खटाइनेछ ।

(२) केन्द्रमा आवश्यक सहायक स्तरका कर्मचारी, परामर्शकर्ता लगायत अन्य प्राविधिक/अप्राविधिक कर्मचारीको व्यवस्थापन नगरपालिका वा साझेदार संस्थाले गर्नु पर्नेछ ।

२५. **व्यवसाय प्रवर्द्धन कोषको स्थापना :** (१) नगरपालिकाभित्र उद्यमशीलता विकास, नयाँ व्यवसायको स्थापना, विद्यमान व्यवसायको प्रवर्द्धन, रोजगारी सिर्जना, स्वरोजगार अभिवृद्धि, व्यवसायको दिगोपना तथा यस कार्यविधिको उद्देश्य अनुरुपका सेवा तथा कार्यहरु प्रभावकारी रुपमा सञ्चालन गर्न एक व्यवसाय प्रवर्द्धन कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम जम्मा गर्न सकिनेछ ।

(क) नगरपालिकाले वार्षिक बजेटमा विनियोजन गरेको रकम,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान वा कार्यक्रमगत रकम,

(ग) दातृ निकाय, विकास साझेदार, अन्तर्राष्ट्रिय संघसंस्था तथा अन्य ट्रष्ट एवम् फाउण्डेसनबाट प्रचलित कानूनबमोजिम प्राप्त हुने रकम,

(घ) निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था वा उद्योग वाणिज्य संघ लगायतका व्यवसायिक संस्थाहरुबाट प्राप्त हुने रकम,

(ङ) कोषबाट सञ्चालन भएका सेवा र कार्यक्रममार्फत संकलन हुने सेवा शुल्क वा अन्य रकम,

(च) विभिन्न व्यक्ति, व्यावसायिक फर्म वा अन्य संघसंस्थाबाट प्राप्त दान, दातव्य वा उपहार रकम,

(छ) प्रचलित कानूनबमोजिम प्राप्त अन्य रकम।

२६. **छुट्टै बैंक खाता खोल्नु पर्ने:** (१) दफा २५ बमोजिमको कोषको रकम कोषको नाममा नगरपालिकामा अवस्थित मान्यता प्राप्त वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

Sandeep Shah

२७. **व्यवसाय प्रवर्द्धन कोषको उपयोग सम्बन्धी व्यवस्थाः** (१) कोषको रकम उद्यम स्थापना, व्यवसाय सुधार, प्रविधि हस्तान्तरण, उत्पादन विकास, बजार प्रवर्द्धन, क्षमता विकास, प्रोटोटाइप विकास, वित्तीय पहुँच सहजीकरण तथा रोजगारी सिर्जनामा योगदान गर्ने उद्यमको प्रवर्द्धनमा प्रयोग गर्न सकिनेछ ।

(२) कोषबाट सहयोग उपलब्ध गराउँदा सम्भव भएसम्म उद्यमीको सहभागिता (म्याचिङ्ग कन्ट्रिब्यूसन), लागत साझेदारी (कस्ट शेयरिङ्ग) वा माईलस्टोनमा आधारित सहयोगको व्यवस्था अवलम्बन गर्नु पर्नेछ ।

तर दलित, महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा वैदेशिक रोजगारीबाट फर्किएका लक्षित वर्गका उद्यमीहरूलाई कोषबाट अनुदान वा सहयोग उपलब्ध गराउँदा निजहरूको आर्थिक क्षमता हेरी लागत साझेदारीको अधिकतम सीमा निर्धारण वा पूर्ण मिनाहा गरी बीउ पूँजीको रूपमा उपलब्ध गराउन सकिनेछ ।

(३) कोषबाट अनुदान वा सहयोग प्राप्त गर्ने उद्यमीले निर्धारित कार्ययोजना तथा उपलब्धिको आधारमा चरणबद्ध रूपमा सहयोग प्राप्त गर्न सक्नेछ ।

(४) कोषको रकम प्राप्त गर्ने उद्यमीको छनोट, सहयोगको सीमा, खर्चको क्षेत्र, भुक्तानी प्रक्रिया, लेखा, अनुगमन, लेखापरीक्षण तथा दुरुपयोग भएको अवस्थामा असुल उपर सम्बन्धी व्यवस्था नगरपालिकाले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।

(५) कोषको प्रयोगमा पारदर्शिता, प्रतिस्पर्धा, समान अवसर तथा स्वार्थको द्वन्द्व नियन्त्रण सम्बन्धी व्यवस्था अनिवार्य हुनेछ।

२८. **खर्च व्यवस्थापन प्रक्रियाः** (१) केन्द्रको आय र व्ययको लेखाङ्कन स्थानीय तहको प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने सेवा तथा क्रियाकलापका लागि विनियोजन भएको बजेटको आन्तरिक नियन्त्रण गर्ने, स्रेस्ता व्यवस्थापन गर्ने तथा खर्चको लेखाङ्कन एवम् प्रतिवेदन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(३) नगरपालिकाले केन्द्रको आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराई सो को प्रतिवेदन राख्नु पर्नेछ ।

२९. **कोषको पारदर्शिताः** (१) कोषबाट सञ्चालित कार्यक्रमको वार्षिक योजना, बजेट, लाभग्राही विवरण, खर्च विवरण, उपलब्धि तथा रोजगारी सिर्जनाको अवस्थाको अभिलेखीकरण गरिनेछ।

(२) कोषबाट प्राप्त सहयोगको दुरुपयोग, झुट्टा विवरण पेश गरेको वा सम्झौता बमोजिम व्यवसाय सञ्चालन नगरेको पाइएमा प्रचलित कानून तथा सम्झौता बमोजिम रकम असुलउपर गर्न सकिनेछ ।

Sandeep Shah

(३) कोषको वार्षिक प्रगति तथा वित्तीय विवरण सार्वजनिक गर्नु पर्नेछ ।

३०. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः (१) कोषको रकम दफा ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बैठक, अभिमुखीकरण, कार्यशाला, गोष्ठी सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

३१. केन्द्र प्रमुखको काम, कर्तव्यः (१) केन्द्र प्रमुखको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) केन्द्रको दैनिक कार्यसञ्चालन, कर्मचारी प्रशासन र अन्य व्यवस्थापकीय कार्य गर्ने,

(ख) केन्द्रको वार्षिक कार्यक्रम र कार्ययोजना तर्जुमा गीर समितिबाट स्वीकृत गराउने र कार्यक्रम संचालन गर्ने,

(ग) व्यवसाय प्रवर्द्धन, व्यावसायिक वातावरण सुधार र उद्यमशीलता विकास सम्वन्धी दीर्घकालीन नीति तथा कार्यक्रम तयार गरी स्वीकृत गराउने,

(घ) स्वीकृत वार्षिक कार्ययोजना अनुसारका कार्यक्रमहरु निर्धारित समयमा नै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ङ) मागमा आधारित विशेषज्ञ सेवाका लागि प्रस्ताव आव्हान गर्ने, मूल्यांकनमा सहयोग गर्ने र स्वीकृत भएका सेवा प्रवाह वा कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्ने, कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने,

(च) आर्थिक प्रशासन सम्वन्धी प्रचलित ऐन नियम वमोजिम खर्च गर्ने, लेखा राख्ने र लेखा परीक्षणमा सहयोग गर्ने गराउने,

(छ) केन्द्रको महत्व र आवश्यकतावारे प्रचारप्रसार गर्ने र आकर्षण बढाउने प्रकृतिका क्रियाकलापहरु सञ्चालन गर्ने,

(झ) केन्द्रले प्रवाह गर्ने सेवा तथा सम्पादन गर्ने कार्यका लागि आवश्यक पर्ने विभिन्न व्यवस्थापकीय र प्राविधिक तालिम, परामर्श र प्रशिक्षणका लागि आवश्यक उपकरण, सामग्री र सुविधाको व्यवस्था गर्ने,

(ञ) नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालनका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकाय, विश्वविद्यालय र विकास साझेदारहरुसँग सम्पर्क स्थापना गर्ने, समन्वय र अर्थपूर्ण सहकार्यको आधार तयार गर्ने,

(ट) कोषको समुचित उपयोग, संरक्षण र संवर्द्धन गर्ने,

Sandeep Shah

(ठ) सङ्घीय तथा प्रदेश सरकार, विकास साझेदारहरुबाट सञ्चालित योजना तथा परियोजनाहरुमा सहभागी भई केन्द्रको उद्देश्य अनुरुपका कार्यक्रमहरु सञ्चालनका लागि समितिको स्वीकृतिमा प्रस्ताव तयार गर्ने र पेश गर्ने,

(ड) स्थानीय आर्थिक विकास सम्वन्धी सूचकहरु तयार गर्ने, नियमित तथ्यांक संकलन गर्ने, प्रकाशन गर्ने, र

(ढ) केन्द्रले प्रवाह गर्ने सेवासँग सम्वन्धित विभिन्न क्षेत्रका अनुभवी, दक्ष र योग्य विषय विज्ञहरुको सूची तयार गर्ने र आवश्यकतानुसार सेवा प्राप्ती गर्दा प्रचलित कानुनको अधीनमा रही त्यस्ता विज्ञहरुसँग सेवा करार गर्ने ।

परिच्छेद — ७

विविध

३२. **सहयोग लिन सकिने:** (१) केन्द्रको प्रभावकारी सञ्चालनका लागि सङ्घीय सरकार, प्रदेश सरकार, दातृ निकाय, निजी क्षेत्र, गैरसरकारी संघसंस्था, सहकारी संस्था र विकास साझेदार संस्थाको आर्थिक तथा प्राविधिक स्रोत साधन र मानव संशाधन परिचालन गर्न सकिनेछ ।

३३. **रोष्टर खुलाउनु पर्ने:** (१) केन्द्रले विषयविज्ञको रुपमा काम गर्न ईच्छुक व्यक्तिहरुलाई रोष्टरमा सूचीकृत गर्नु पर्नेछ ।

३४. **लागत साझेदारी र सहकार्य:** (१) यस कार्यविधी बमोजिम सञ्चालन हुने संवर्द्धनात्मक सेवा र क्रियाकलाप सञ्चालन गर्न आवश्यकता अनुसार केन्द्रले तहगत सरकार, सरकारी निकाय, दातृ निकाय, शैक्षिक तथा प्राज्ञिक संस्था, विकास साझेदार संस्था, गैर-सरकारी संघसंस्था, निजी क्षेत्र, तालिम प्रदायक संस्थाहरू, बैंक तथा वित्तीय संस्था, अनुसन्धानमूलक संस्था तथा अन्य क्षेत्रसँग साझेदारी गर्न वा अन्य विविध तवरले समन्वय र सहकार्य गर्न गराउन सकिनेछ ।

(१) केन्द्रबाट प्रवाह हुने व्यवसाय संवर्द्धन, उद्यमशीलता, रोजगारमूलक सेवालाई एकीकृत तवरले सञ्चालन गर्न गराउन नगरपालिकाले आवश्यक सहजिकरण गर्नु पर्नेछ ।

(२) नगरपालिकाले सेवा प्रवाहका लागि अन्य निकायहरुसंग समेत सहकार्य गरी सेवा प्रवाह गर्न गराउन आवश्यक भूमिका खेल्नु पर्नेछ ।

३५. **श्रम बजार तथा उद्यम व्यवस्थापन सूचना प्रणाली सञ्चालन गर्ने:** (१) केन्द्रले नगरपालिका क्षेत्रको श्रम बजार, उद्यम, व्यवसाय, सीप, लगानी, रोजगारी, बजार माग तथा उद्यम विकास सम्बन्धी सूचना संकलन, प्रशोधन, विश्लेषण तथा अभिलेखीकरण गर्न स्थानीय श्रम बजार तथा उद्यम व्यवस्थापन सूचना प्रणालीको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

Sandeep Shah

(२) स्थानीय श्रम बजार तथा उद्यम व्यवस्थापन सूचना प्रणालीमा कम्तीमा देहायका विवरण अनिवार्य समावेश गर्नु पर्नेछ ।

(क) स्थानीय रोजगार तथा बेरोजगार जनशक्ति,

(ख) उपलब्ध सीप तथा दक्ष जनशक्ति,

(ग) सञ्चालनमा रहेका उद्यम तथा व्यवसाय,

(घ) नयाँ उद्यमको सम्भावना,

(ङ) व्यवसाय तथा श्रम बजारको माग,

(च) सीप तथा जनशक्तिको माग,

(छ) वित्तीय तथा लगानीका अवसर,

(ज) बजार तथा मूल्यसम्बन्धी सूचना,

(झ) डिजिटल हाटबजारमा सूचीकृत उद्यमी, उत्पादन, बिक्री परिमाण तथा बजार मागको विवरण,

(ञ) उद्यमीलाई उपलब्ध सरकारी तथा गैरसरकारी सेवा,

(ट) उद्यमबाट सिर्जित रोजगारी तथा अन्य आवश्यक विवरण।

(२) एकीकृत तथ्याङ्क व्यवस्थापनका लागि प्रदेश वा सङ्घीय सरकारबाट उपलब्ध श्रम बजार तथा उद्यम व्यवस्थापन सूचना प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

(३) केन्द्रले सङ्घीय वा प्रदेश वा स्थानीय सरकारबाट उपलब्ध प्रणालीको आधारमा वार्षिक उद्यम तथा रोजगार अवसर प्रतिवेदन (Enterprise and Employment Opportunity Report) तयार गर्न सक्नेछ ।

(४) केन्द्रले वार्षिक कार्यक्रम तथा प्राथमिकता निर्धारण गर्दा यस प्रणालीमा उपलब्ध सूचना तथा तथ्याङ्कलाई आधार बनाउनुपर्नेछ ।

३६. उद्यमी विकास प्रणालीः (१) केन्द्रले उद्यमी तथा व्यवसायलाई आवश्यकता र अवस्थाका आधारमा देहायका चरणमा देहायका सेवा उपलब्ध गराउनेछ ।

(क) पहिलो चरणः पहुँच तथा पहिचान

(ख) दोस्रो चरणः मूल्याङ्कन तथा निदान

(ग) तेस्रो चरणः पूर्व-इन्क्युबेशन

(घ) चौथो चरणः इन्क्युबेशन

Sandeep Shah

(ङ) पाँचौं चरणः व्यवसाय स्थापना तथा सञ्चालन

(च) छैटौं चरणः गतिप्रदायक (एक्सिलेरेटर)

(छ) सातौं चरणः इन्क्युबेशन अवधि पुरा गरेका (ग्रेजुएसन)

(ज) आठौं चरणः पोस्ट इन्क्युबेशन तथा अनुगमन

३७. व्यवसायको अवस्था परीक्षण तथा सुधार योजना तयार गर्नेः (१) सञ्चालनमा रहेका व्यवसायलाई केन्द्रबाट विशेषज्ञ सेवा तथा सहयोग उपलब्ध गराउनु अघि आवश्यकता अनुसार व्यवसायको अवस्था परीक्षण गरिनेछ।

(२) व्यवसाय अवस्था परीक्षण गर्दा कम्तीमा वित्तीय अवस्था, उत्पादन तथा उत्पादकत्व, बजार, ग्राहक, जनशक्ति, सीप, प्रविधि, व्यवस्थापन, आपूर्ति तथा मूल्य शृङ्खला, डिजिटल क्षमता, जोखिमको अवस्था, व्यवसाय विस्तार तथा रोजगारी सिर्जनाको सम्भावनाको अध्ययन गरिनेछ ।

(३) परीक्षणबाट पहिचान भएका समस्याका आधारमा व्यवसाय सुधार तथा पुनर्संरचना योजना (Enterprise Improvement/Recovery Plan) तयार गरी आवश्यक सेवा वा सहयोग उपलब्ध गराइनेछ।

३८. उद्यमीको दीक्षान्त तथा पश्च-इन्क्युबेशन सहयोगः (१) इन्क्युबेशन अवधिको अन्त्यमा उद्यमीको प्रगति मूल्याङ्कन गरी देहायमध्ये उपयुक्त अवस्थामा वर्गीकरण गरिनेछ ।

क. स्वतन्त्र रूपमा सञ्चालन गर्न सक्षम,

ख. व्यवसाय विस्तार तथा उन्नयनका लागि योग्य,

ग. थप सहयोग आवश्यक पर्ने,

घ. सुधार तथा पुनर्संरचना आवश्यक पर्ने,

ङ. व्यवसाय बन्द वा बाह्यीकरण गर्नुपर्ने।

(२) इन्क्युबेसन अवधि पूरा गरेका उद्यमीलाई केन्द्रले आवश्यकता अनुसार बजार, लगानी, प्रविधि, व्यवसाय सञ्जाल तथा अन्य सेवामा पहुँचका लागि पश्च-इन्क्युबेशन सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) इन्क्युबेसन अवधि पूरा गरेका उद्यमीहरुलाई केन्द्रको स्थानीय एलुम्नि वा उद्यम नेटवर्क (Alumni/Enterprise Network) मा आबद्ध गर्न सकिनेछ ।

३९. संवर्द्धन अवधिः (१) संवर्द्धन (इन्क्युबेशन) को अवधि सामान्यतया तीन महिनादेखि तीन वर्षसम्मको हुनेछ।

(२) आवश्यकता अनुसार संवर्द्धन अवधि एक वर्षसम्म थप गर्न सकिनेछ ।

Sandeep Shah

(३) संवर्द्धन अवधि थप गर्दा व्यवसायको प्रगति, उपलब्धि, आवश्यकता तथा आगामी कार्ययोजनाका आधारमा केन्द्र प्रमुखको सिफारिसमा समितिले निर्णय गर्नेछ ।

४०. **बौद्धिक सम्पत्ति संरक्षणः** (१) प्रशिक्षार्थी उद्यमी (इन्क्युबेटी) द्वारा विकसित नवप्रवर्तन, उत्पादन वा प्रविधिको बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) विशेष परियोजनामा बौद्धिक सम्पत्तिको स्वामित्व, प्रयोग तथा गोपनीयता सम्बन्धी विषय सम्बन्धित पक्षबीचको सम्झौतामा स्पष्ट गर्न सकिनेछ।

४१. **परिणाममा आधारित कार्यसम्पादन मापनः** (१) केन्द्रको कार्यसम्पादन मूल्याङ्कन गर्दा कार्यक्रम तथा तालिमको संख्या मात्र नभई देहायका परिणाम सूचकलाई आधार बनाइनेछ ।

(क) स्थापना भएका नयाँ उद्यम संख्या

(ख) निरन्तर सञ्चालनमा रहेका उद्यम

(ग) सिर्जित प्रत्यक्ष रोजगारी

(घ) सिर्जित स्वरोजगारी

(ङ) महिला उद्यमी संख्या

(च) युवा उद्यमी संख्या

(छ) वैदेशिक रोजगारबाट फर्केका श्रमिकबाट स्थापना भएका उद्यम

(ज) परिचालित निजी लगानी

(झ) बैंक/वित्तीय पहुँच प्राप्त गर्ने उद्यम

(ञ) बजारमा जोडिएका उद्यम

(ट) बिक्री/आम्दानी वृद्धि

(ठ) स्थानीय स्रोतमा आधारित उत्पादन

(ड) सूचना प्रविधि वा डिजिटल प्रणाली आधारित उद्यम

(ढ) इन्क्युबेसन पूरा गरेका उद्यम

(ण) असफल/पुनर्संरचना गरिएका व्यवसाय

(त) उद्यमी सन्तुष्टि तथा सेवा गुणस्तर।

४२. **पश्च उद्यम सेवा अनुगमनः** (१) केन्द्रबाट सेवा प्राप्त गरेका तथा इन्क्युबेशन अवधिबाट बाहिरिएका उद्यमीको प्रगतिको अनुगमन कम्तीमा देहायका अवधिमा गर्नु पर्नेछ ।

(क) व्यवसाय सुरु भएको वा सहयोग प्राप्त गरेको एक महिनाभित्र

Sandeep Shah

(ख) व्यवसाय सुरु भएको वा सहयोग प्राप्त गरेको तीन महिनाभित्र

(ग) व्यवसाय सुरु भएको वा सहयोग प्राप्त गरेको छ महिनाभित्र

(घ) व्यवसाय सुरु भएको वा सहयोग प्राप्त गरेको एक वर्षभित्र

(ङ) व्यवसाय सुरु भएको वा सहयोग प्राप्त गरेको दुई वर्षभित्र

(च) आवश्यकता अनुसार तीन वर्षभित्र

४३. **अनुगमन, मूल्याङ्कन र प्रतिवेदनः** (२) नगरपालिका आफैले वा आवश्यकता अनुसार अन्य निकायबाट अनुगमन तथा मूल्याङ्कन गर्न गराउन सक्नेछ ।

(२) केन्द्रको सेवाले लक्षित वर्गको जनजीवनमा पारेको प्रभावको आवधिक मूल्याङ्कन गरिनेछ।

(३) केन्द्रले यस कार्यविधि बमोजिम सञ्चालन भएका क्रियाकलापहरुको नियमित र आवधिक प्रतिवेदन तयार गरी नगरपालिका तथा साझेदार संस्थाहरुलाई पेश गर्नु पर्नेछ ।

४४. **निर्देशन दिन सक्नेः** (१) यस कार्यविधिको कार्यान्वयन वा कार्यविधी बमोजिम सञ्चालन हुने क्रियाकलापहरुको सम्बन्धमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लेख नभएका विषयमा समितिको सिफारिसमा नगर कार्यपालिकाले थप व्यवस्था गर्न सक्नेछ ।

४५. **गुनासो गर्न सकिनेः** (१) नगरपालिकाले संवर्द्धन सेवा सम्बन्धी गुनासो दर्ता, छानबिन र समाधान प्रणाली स्थापित गरिनेछ ।

(२) यस कार्यविधि बमोजिम केन्द्रबाट सञ्चालन भएका क्रियाकलापका सम्बन्धमा नगरपालिकामा गुनासो गर्न सकिनेछ।

(३) अनलाइन गुनासो फारम, ईमेल, टोल-फ्री नम्बर वा प्रत्यक्ष रुपमा गुनासो गर्न सकिनेछ।

(४) प्राप्त गुनासोको सम्बन्धमा नगरपालिकाले आवश्यक सुनुवाई पन्ध्र दिनभित्र गर्नु पर्नेछ।

४६. **बाधा अडकाउ फुकाउः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाधा अडचन फुकाउ गर्न नगरपालिकाले साझेदार संस्थाहरुसँग परामर्श लिन सक्नेछ ।

४७. **संशोधनः** नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन एवम् पुनरावलोकन गर्न सक्नेछ।

Sandeep Shah

अनुसूची — १

आवेदन फारामको ढाँचा

१. उद्यम/स्टार्टअपको नामः

२. उद्यमीको नामः

३. ठेगानाः

४. उद्यमीको दक्षता तथा योग्यता,

५. सम्पर्क नम्बरः

६. इमेलः

७. व्यवसायको प्रकारः

८. व्यवसायको उद्देश्यः

९. उद्यमीले पेश गरेको प्रस्ताव तथा कार्ययोजना र कार्ययोजनाको प्रस्तुतीकरण

१०. प्रविधिको अवलम्बन,

११. स्तरोन्नतीको संभावना

१२. सम्भावित उपभोक्तालाई प्राप्त हुन सक्ने वस्तु वा सेवा।

१३. लगानीको अवस्थाः

१४. अपेक्षित सहयोगः

१५. आवश्यक कागजातः

- नागरिकताको प्रतिलिपि
- व्यवसायिक योजना
- दर्ता प्रमाणपत्र (भएमा)
- अन्य

Sandeep Shah

अनुसूची — २

मूल्याङ्कनका सूचकहरू

क्र.सं.	सूचक	अंक
१	नवीन तथा सिर्जनशील सोंच वा नवप्रवर्तन	५
२	स्थानीय स्रोत र सीपको उपयोग	१०
३	व्यवसायिक योजना, सम्भाव्यता र दिगोपना	१५
४	दक्ष जनशक्तिको उपलब्धता र परिचालन	१०
५	प्रविधिको प्रयोग	१०
६	बजार विश्लेषण	१०
७	रोजगारी सिर्जनाको सम्भावना	१०
८	जोखिम तथा व्यवस्थापन	१०
९	लक्षित वर्ग (महिला, दलित, विपन्न, फर्किएका युवा)को समावेशीकरण	५
१०	वातावरणीय दिगोपन	५
११	उद्योग व्यवसायको प्रणालीसंग आबद्ध हुन सक्ने वा सामाजिक आर्थिक प्रभाव पार्न सक्ने	१०
	जम्मा अंक	**१००**

Sandeep Shah

अनुसूची — ३

केन्द्रबाट सञ्चालन हुने सम्भावित कार्यक्रमहरू

१. उद्यमशीलता विकास (Entrepreneurship Development) कार्यक्रम अन्तर्गत

- Entrepreneurship Development Training (EDP)
- Business Idea Generation Workshop
- Opportunity Identification Program
- Business Model Canvas (BMC) Training
- Lean Startup Training
- Design Thinking Workshop
- Enterprise Creation Program
- Business Formalization Campaign
- One Stop Business Facilitation Service
- Business Diagnostic & Recovery Service
- Women Entrepreneurship Program
- Youth Startup Program
- Returnee Migrant Enterprise Program
- Agri-entrepreneurship
- Green Entrepreneurship
- Social Enterprise Development
- Indigenous Enterprise Promotion
- Disability Inclusive Entrepreneurship
- Women Startup Accelerator
- Youth Innovation Challenge
- Rural Enterprise Development

२. स्टार्टअप इन्क्युबेशन कार्यक्रम अन्तर्गत

- Pre-Incubation Program
- Incubation Program
- Accelerator Program
- Startup Bootcamp

Sandeep Shah

- Startup Readiness Program
- Startup Demo Day

३. व्यवसाय विकास सेवा (Business Development Services) अन्तर्गत

- Business Plan Development
- Feasibility Study Support
- Market Research
- Product Development
- Business Registration Support
- Tax & Legal Advisory
- Financial Planning

४. वित्तीय पहुँच तथा लगानी अन्तर्गत

- Financial Literacy
- Investment Readiness
- Loan Facilitation
- Credit Guarantee Support
- Angel Investor Meet
- Venture Capital Forum
- Startup Pitch Competition
- Grant Writing Support

५. बजार पहुँच तथा व्यवसाय विस्तार अन्तर्गत

- Buyer-Seller Meet / Matching
- Trade Fair Participation
- Export Readiness Program
- Branding & Packaging
- Value Chain Development
- Market Linkage Program
- Cross-border Market Access

६. डिजिटल उद्यम विकास अन्तर्गत

- Digital Marketing

Sandeep Shah

- Social Media Marketing
- E-Commerce Business
- Online Branding
- AI for Small Business
- Digital Payment System

७. रोजगार, सीप तथा उद्यमशीलता कार्यक्रम अन्तर्गत

- Skill-to-Enterprise / Startup Program
- Apprenticeship Linkage
- Employment to Entrepreneurship Transition
- Business Matching Event
- Job & Startup Fair
- Employer Networking Forum
- Employment to Entrepreneurship Transition
- Gig Economy Readiness Program

८. मेन्टरिङ, कोचिङ तथा क्षमता विकास कार्यक्रम अन्तर्गत

- One-to-One Mentoring
- Industry Expert Sessions
- CEO Talk Series
- Peer Learning Circle
- Business Clinic
- Success Story Sharing
- Leadership Development
- Entrepreneurial Mindset Training
- Negotiation Skills
- Business Communication
- Presentation & Pitching Skills
- Time Management

९. स्थानीय आर्थिक विकास अन्तर्गत

- Local Product Development
- One Local Level One Product (OLOP)
- Cluster Development Program
- Value Chain Strengthening

Sandeep Shah

- Cooperative Enterprise Development
- Community Enterprise Promotion

१०. अनुसन्धान, नवप्रवर्तन तथा प्रविधि अन्तर्गत

- Labour Market Assessment / Research
- Startup Ecosystem Mapping
- Business Climate Survey
- Policy Dialogue
- Innovation Challenge
- Entrepreneurship Index Development
- Innovation Lab
- Maker Space
- Prototype Development
- Product Design Studio
- Prototype Development
- Product Testing
- Intellectual Property (IP) Support
- Patent & Trademark Awareness
- Technology Transfer Program

११. नेटवर्किङ तथा साझेदारी अन्तर्गत

- University - Industry Collaboration
- Startup Networking Night
- International Exchange Program
- Corporate Partnership Forum
- MoU with Banks and Industries
- Innovation Summit
- Industry Networking Forum

१२. विशेष कार्यक्रम अन्तर्गत

- Annual Startup Festival
- Innovation Competition
- Hackathon
- Business Plan Competition
- Green Business Challenge

Sandeep Shah

- Rural Enterprise Promotion Campaign
- Local Product Promotion Expo
- Best Startup Award
- National Startup Summit
- Entrepreneurship Week
- Innovation Festival
- Startup Expo
- Business Plan Competition
- Hackathon
- Demo Day
- Investor Day
- Startup Awards
- Innovation Awards

१३. स्टार्टअप पिचिङ कार्यक्रम

१४. उद्योग अवलोकन भ्रमण

१५. लगानीकर्ता - उद्यमी अन्तरक्रिया कार्यक्रम

१६. नवप्रवर्तन प्रतियोगिता

१७. डिजिटल हाटबजार वा स्थानीय ई-हाटबजार स्थापना तथा सञ्चालन कार्यक्रम

१८. स्थानीय किसान तथा उद्यमीहरूका लागि डिजिटल हाटबजार सूचीकरण तथा अनलाइन व्यापार तालिम

१९. डिजिटल हाटबजार लजिस्टिक तथा डिजिटल पेमेन्ट सहजीकरण कार्यक्रम

२०. उद्यमशीलता प्रस्फुटन शिविर (Boot Camp) आयोजना

२१. व्यवसाय मेन्टरिङ सत्र

२२. सार्वजनिक निजी सम्वाद कार्यक्रम

२३. नेटवर्किङ तथा अन्तरक्रिया कार्यक्रम

पुनश्चः यस अनुसूचीमा उल्लिखित कार्यक्रमहरू सञ्चालन गर्दा केन्द्रले भौगोलिक उपयुक्तता र स्रोतको आधारमा प्रथम चरणमा स्थानीय कृषि, पशुपालन, घरेलु उद्योग, रैथाने सीप र मूल्य शृङ्खलामा आधारित कार्यक्रम सञ्चालन गर्नेछ। दोस्रो चरणमा मात्र उच्च प्रविधि तथा जटिल नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ।

Sandeep Shah